म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०५ शनिबार ९ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 25 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्द सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बागमती सेमिफाइनलमा, मकवानपुरका ढकालले लिए एक विकेट

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ पोखरामा जारी केपी ओली टी-२० क्रिकेट प्रतियोगितामा बागमती प्रदेशले निरन्तर दुई जित निकाल्दै अन्तिम चारको यात्रा तय गरेको छ ।

कप्तान सन्दीप लामिछाने, रित गौतम र ईशान पाण्डेको उत्कृष्ट प्रदर्शनमा बागमती प्रदेशले कर्णाली प्रदेशलाई ९० रनले हराउँदै सेमिफाइनलमा स्थान बनाएको हो । बागमतीले समूह 'ए' मा दुबै खेलमा जितका साथ सेमिफाइनलमा स्थान पक्का गरेको छ । बागमती प्रदेशको जितमा मकवानपुरका क्रिकेटर रिजन ढकालले एक विकेट लिए । ढकालले बिहीवार भएको पहिलो खेलमा आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीविरुद्ध पनि एक विकेट लिएका थिए ।

जितको लागि १ सय ९० रनको विशाल विजयी लक्ष्य पछ्याएको कर्णाली प्रदेश १७ दशमलव ३ ओभरमा ९९ रनमा



अल आउट भएको थियो । कर्णालीका अर्जुन घर्तीले २३ बलमा ३ चौकासहित सर्वाधिक २४ रन बनाए । कप्तान रविन्द्रजंग शाहीले २०, विपिन शाही २१ र दीपेन्द्र रावतले १२ रन बनाए । अन्यले दोहोरो अंकमा रन बनाउन सकेनन् । बागमतीका कप्तान सन्दीप लामिछानेले ३ दशमलव ३ ओभरमा ९ रन खर्चेर ४ विकेट लिए । दिपेश श्रेष्ठले २, प्रतिश जिसि, रिजन ढकाल, सुवास खत्री र ईशान पान्डेले १-१ विकेट लिए ।

त्यसअघि पोखरा क्रिकेट रंगशालामा टस जितेर पहिला ब्याटिङ रोजेको बागमतीले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ८९ रन बनाएको थियो । बागमतीको जितमा ओपनर रित गौतमले ५९ बलमा १० चौका र २ छक्कासहित सर्वाधिक ८२ रन बनाएका थिए । रितले पहिलो खेलमा मदन भण्डारी स्पोर्ट्स एकेडेमीविरुद्ध ७४ रन बनाएका थिए । उनले सुरुवाती दुबै खेलमा अर्धशतक प्रहार गरेका हुन् । दोस्रो विकेटका लागि रित र इशानले १ सय ४३ रनको साझेदारी गरेका थिए । नेपाली टोलीबाट खेली सकेका इशान पाण्डेले ३८ बलमा ४ चौका र ६ छक्कासहित ७० रनको उत्कृष्ट इनिङ खेलेका थिए ।

मकवानपुरका क्रिकेटर ओपनर शुभ कंसाकार १२ बलमा ४ रन बनाउदै आउट भए । त्यसपछि ईशान र रितको साझेदारीले इनिङ उकासेका थिए । प्रतिश १२, प्रतीक श्रेष्ठ ७ र सन्दीप लामिछाने डक आउट भए । कर्णालीका दिनेश अधिकारीले ४ ओभरमा ३३ रन खर्चेर ३ विकेट लिएका थिए । दिवान पुन र अनुज चुनाराले एक-एक विकेट लिए । बागमतीले सेमिफाइनलमा मंसिर १४ मा समूह 'डि' को विजेतासँग फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ । समूह 'डि' मा नेपाल आर्मी, कोशी प्रदेश र मदन भन्डारी स्पोर्ट्स एकेडेमी 'ब्लु' छन् । प्रतियोगिता पोखराको क्रिकेट मैदानमा भइरहेको छ ।

## बाघको आक्रमणबाट एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ बाघले आक्रमण गर्दा मकवानपुरमा शुक्रबार एकजनाको निधन भएको छ । चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका सूचना अधिकारी सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीकाअनुसार राप्ती नगर पालिका-१ दुबिचौरका ४३ वर्षीय हरि पौडेलको बाघले आक्रमण गर्दा ज्यान गएको हो ।

घाँस काट्नका लागि मकवानपुर जिल्ला मनहरी गाउँपालिका-६ मा पर्ने निकुञ्जको मध्यवर्ती क्षेत्र जोगीताल गएका पौडेललाई बिहान पौने १० बजेतिर बाघले आक्रमण गरेको चितवन राष्ट्रिय निकुञ्जको लोथर मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष मानबहादुर स्याङ्बोले बताए ।

चितवन राष्ट्रिय निकुञ्ज आसपासमा बाघले मान्छेमाथि आक्रमण गर्ने घटना बर्सेनी हुँदै आएको हो । यो आर्थिक वर्षको साउनयता हालसम्म बाघले आक्रमण गर्दा चितवन राष्ट्रिय निकुञ्ज आसपासमा तीनजनाको निधन भइसकेको निकुञ्जका सूचना अधिकारी तिवारीले जानकारी दिए ।

## मिटरब्याज पीडितको गुनासो: हामीलाई न्याय कसले देला ?

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१३ बनस्पति बस्ने भक्तबहादुर भोम्जन (६५) ले मिटरब्याज पीडितको पीडा सुनिदिने र न्याय दिलाउन सहयोग गर्ने कोही नभएको बताएका छन् । शुक्रबार हेटौंडामा संचारकर्मीसमक्ष आफ्नो पीडा पोख्दै भोम्जनले न्याय दिलाउनमा पहल गरिदिन आग्रह गरेका छन् ।

एक छोरी, एक छोरा र श्रीमती (भक्तिमाया) को परिबार खुशीसाथ वितिरहेका बताउँदै उनले परिबारमा एक्कासी बज्रपात परेको सुनाए । 'मेरो श्रीमतीको नाममा दर्ता रहेको हेटौंडा-१३ स्थित कित्ता नं. ९२४९ को ज.बि. ०–०–६ धुर घडेरीमा बसोबास गरिरहेका थियौं । म कामको शिलशिलामा घर भन्दा बाहिर गएकोले कहिलेकाही मात्रै घरमा आउने गर्थे ।'

'१२ धुर जंगगामा बनेको ३ तीन कोठे घरलाई हेटौंडा-१३ बनस्पति निवासी चमेलीमाया मोक्तान र हेटौंडा-८ बस्ने गंगाराज प्रधानले आफू घरमा नभएको समयमा श्रीमतीलाई मालपोत कार्यालयसम्म जाउँ भनि ललाईफकाई लगि उक्त जग्गा पास गरी श्रीमतीले चिन्दै नचिनेको हेटौंडा-४ निवासी ढुण्डीराज अधिकारीलाई जम्मा ५ लाख ६० हजारमा २०७८/०३/२९ गते पास गराएको रहेछ । यो पास गरेको कुरा श्रीमतीलाई पनि थाहा छैन ।' उनले भने ।

'जगा कब्जा गर्ने उद्देश्यले मेरो छोरी निर्मलामाया भोम्जनलाई समेत फकाईफुलाई गरी पैसा नएभको आठ लाख रुपैयाँको चेक काट्न लगाई पछि पैसा नदिएको भनि यही खाली चेकको आधारमा गंगाराज प्रधानले जिल्ला अदालत मकवानपुरमा २०७९ सि ४-०१८२ को चेक अनादर मुद्दा दिई दुःख दिने काम समेत गर्‍यो ।' उनले भने । 'श्रीमतीलाई झुक्याई हाम्रो जग्गा र घर पास गरी लिने दिलाउने काम गरी हामीलाई ठूलो घात गरेको छ' भक्तबहादुरले भने ।

'त्यति मात्रै हैन मेरो श्रीमतीको नाउँमा छुट्टै १२ र १३ लाखको लेनदेनको कागज समेत गराई राखेका छ रे' हामीले दिनै नपर्ने पैसा मागेर तनाव दिनुको साथै मुद्दा हालेर अर्को पीडामा पीडा थप्ने काम गरिरहेको छ ।' उनले भने । त्यो तनावको कारण घर परिवार पनि बिग्रिसकेकेको उनले बताए । 'प्रहरीमा उजुरी गरौं भन्दा हाम्रो बोल्ने कोही छैन, वडामा उजुरी गर्दा पनि सुनिँदैन । जहाँ पनि साहुमहाजनको मात्र कुरा सुन्छन् ।' उनले भने ।

छोराले राजिनामाको लिखित बदरको लागि अदालनमा फिरादपत्र दायर गरिराखेको छ । उता घरछोड भनेर हेटौंडा-४ निवासी ढुण्डीराज अधिकारीले दिएको बचन सम्झेर रातभर निन्द्रा लाग्दैन, कहाँ पो लुकेर बसौं जस्तो लाग्छ,' घर छोड कि त भाडा दे भन्दै गाली गर्छन् यस्तो बोलिरहँदा लाग्छ, त्यहीबेला आत्महत्या गरौं । कसले न्याय देला भनेर भौताररहेको छु ।' उनले संचारकर्मी बीच यसरी आफ्नो पीडा पोखे ।

## हेटौंडा उपमहानगर र पाँचपोखरी थाङपालबीच भगिनी सम्बन्ध

साझाकुरा संवाददाता


हेटौंडा, ८ मंसिर/ हेटौंडा उपमहानगरपालिका र सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ । शुक्रबार पाँचपोखरी थाङपाल-४ स्थित नागी थामडाँडा एवम् पेमाछ्ल उद्यान केन्द्रमा गुरु रिन्पोछे (पद्मासम्भव) को प्रतिमा अनावरण कार्यक्रममा दुईपक्षबीच भगिनी सम्बन्धको लागि समझदारी भएको हो ।

हेटौंडा उपमहानगर पालिकाका वित्तव्यवस्थापन महाशाखाका प्रमुख अनिरुद्र नेपालको रोहबरमा पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासी लामा र हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाबीच समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

गाउँपालिकाका अध्यक्ष लामाले हिमाली भेगमा रहेको पालिका र तराई क्षेत्रको उपमहानगर पालिकाबीच स्थापित सम्बन्धले साझेदारी प्रवर्द्धनमा मद्दत पुग्ने विश्वास व्यक्त गरे । पेमाछ्ल उद्यान केन्द्रका प्रमुख लामा फूर्वासिङ्गी लामाले पाँचपोखरी पर्यटकीय गन्तव्य रहको भन्दै त्यसको विकासका लागि दुवै पालिका मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिए । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख लामाले पाँचपोखरीको विकासका लागि हेटौंडा उपमहानगरपालिकाको सधैँ साथ रहने प्रतिबद्धता व्यक्त गरिन् ।

सिन्धुपाल्चोकको सदर मुकाम चौताराबाट पाँचपोखरी सर्किट पदयात्रा गर्दै मेलाम्ची निस्कन सकिने उत्कृष्ठ पदमार्ग रहेको छ । पाँचपोखरी थाङपाल गाउँपालिकामा पर्यटकीय आकर्षणका प्राकृतिक सम्पदा धेरै रहेको र पदमार्गको प्रसस्त सम्भावना रहेका गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण कुईकेलले बताए ।

## मकवानपुरमा डेंगु संक्रमितको संख्या घट्दै



साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/चिसो मौसम सुरु भएसँगै मकवानपुरमा डेंगु संक्रमितको संख्या पनि घट्दो क्रममा छ । गत साउनदेखि सुरु भएको डेंगु संक्रमण कार्तिकदेखि घट्दै गएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार, मकवानपुरमा गत साउन १ गतेदेखि हालसम्म ७ सय ६६ जनामा डेंगु पुष्टि भएको छ । कार्यालयले दैनिक पठाउने तथ्यांकअनुसार जिल्लामा ३९२ जना पुरुष र ३७४ जना महिलामा संक्रमण पुष्टि भएको हो । शुक्रबार एक जनामा संक्रमण पुष्टि भएको छ । जसमा हेटौंडा उपमहानगरपालिकाका रहेका छन् । यससँगै हेटौंडामा डेंगु संक्रमितको संख्या ५ सय ३० जना पुगेको छ ।

यसैगरी, डेंगु संक्रमण पुष्टि हुनेमा थाहा नगरपालिकाका ३, मकवानपुरगढी गाउँपालिकाका २०, बागमती गाउँपालिकाका २४, मनहरी गाउँपालिकाका ६८, इन्द्रसरोवर गाउँपालिकाका ४, भीमफेदी गाउँपालिकाका ३७, बकैया गाउँपालिकाका २५ र राक्सिराङ गाउँपालिकाका २ जना रहेका छन् ।

यसैगरी, सो अवधिमा हेटौंडा अस्पतालमा ४० जना र अन्य जिल्लाका १२ जनामा संक्रमण पुष्टि भएको छ भने डेंगु संक्रमणका कारण मकवानपुरमा एक जनाको मृत्यु भएको छ । जिल्लाको कैलाश गाउँपालिकामा भने डेंगु संक्रमितको बिरामी फेला नपरेको मकवानपुर स्वास्थ्य कार्यालय जनाएको छ ।

## कमानेमा घरको छतबाट खसेर एकजना घाइते

साझाकुरा संवाददाता



हेटौंडा, ८ मंसिर/ हेटौंडा उपमहानगरपालिका-८ कमानेमा घरको छतबाट खसेर एकजना घाइते भएका छन् । घाइते हुनेमा ४० बर्षीया मोनिका कार्की रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीका अनुसार उनी आफ्नै एकतले घरको छतबाट लडेकी हुन् । टाउको, बायाँ खुट्टा, आँखा नजिक चोट लागेको उनको हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । ती महिलाले मानसिक रोगसम्बन्धी औषधि सेवन गर्ने गरेको भन्ने बुझिएको प्रहरीले जनाएको छ ।

## एनएसएलमा मकवानपुरका ९ खेलाडी

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/दोस्रो संस्करणको फ्रेन्चाइज फुटबल नेपाल सुपर लिग (एनएसएल) प्रतियोगितामा मकवानपुरका ९ जना खेलाडी देखिने भएका छन् ।

शुक्रबारबाट सुरु प्रतियोगितामा विभिन्न क्लबबाट मकवानपुरका ९ जनाले लिग खेल्ने भएका हुन् । प्रतियोगितामा झापा एफसीबाट ५ जना, पोखरा थन्डर्सबाट ३ जनाले र इलाम एफसीबाट एक जनाले खेल्ने भएका छन् । तीमध्ये ३ जना खेलाडीले दोस्रोपटक लिग खेल्न लागेका हुन् भने ६ जनाले पहिलोपटक लिग खेल्न लागेका हुन् ।

मकवानपुरका खेलाडी राष्ट्रिय टिमका सदस्य अञ्जन विष्ट, राष्ट्रिय फुटबल टिमका अर्का सदस्य आयुष घलान र विमल पाण्डेले एनएसएलको पहिलो सँस्करणमा विभिन्न टिमबाट लिग खेलेका थिए ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालमा हुने प्रतियोगितामा ९ वटा टिमले सहभागिता जाउनेछन् । जसमा विराटनगर सिटी एफसी, वीरगञ्ज युनाइटेड एफसी, बुटवल लुम्बिनी एफसी, धनगढी एफसी, एफसी चितवन, झापा एफसी, काठमाडौं रेजर्स एफसी, ललितपुर सिटी एफसी र पोखरा थन्डर्स र स्पोर्टिङ इलाम एफसी दि मेची रहेका छन् ।

तीमध्ये झापा एफसी, स्पोर्टिङ इलाम एफसी र वीरगंज युनाइटेड नयाँ टिम हो । अन्य टिमले भने पहिलो सँस्करणमा सहभागिता जनाएका थिए ।

## हेटौंडा एकेडेमी क्वाटरफाइनल प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडामा जारी सुदर्शन घिमिरे स्मृति यु-२१ हेटौंडा च्यालेन्ज कप फुटबल प्रतियोगिता अन्तर्गत हेटौंडा फुटबल एकेडेमी क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

शुक्रबार भएको प्रतियोगितामा नीलगगन युवा क्लबलाई ट्राइब्रेकरमा ४-१ गोल अन्तरले हराउँदै हेटौंडा ऐकेडेमीले क्वाटरफाइनलमा आफ्नो स्थान बनाएको हो । निर्धारीत खेल समयमा १-१ गोलको बराबरी भएपछि खेल ट्राइब्रेकरतर्फ धकेलिएको थियो । सो खेलको म्यान अफ द म्याच हेटौंडा फुटबल एकेडेमीका गोलरक्षक



अस्मिर गोङ्बा घोषित भए ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा जारी प्रतियोगिताको फाइनल खेल आगामी मंसिर १३ गते हुने आयोजकले जनाएको छ । प्रतियोगिताको विजेता र उपविजेता टिमले क्रमशः १ लाख ११ हजार १ सय ११ रुपैयाँ र ५५ हजर रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

## चारदसक बढी अध्यापन गर्ने शिक्षकको बिदाई

साझाकुरा संवाददाता

हेटौंडा, ८ मंसिर/ हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा ४२ वर्ष शिक्षणपछि अवकाश प्राप्त शिक्षक शम्भु घर्तीलाई विद्यालय परिवारले बिदाइ गरेको छ । विद्यालयमा शुक्रबार कार्यक्रम आयोजना गरी विद्यार्थी, शिक्षक तथा व्यवस्थापन समितिले बिदाई गरेको हो ।

अनिवार्य अवकाश प्राप्त शिक्षक घर्तीले आफ्नो शिक्षणकाल अत्यन्तै स्मरणीय रहेको बताए । सिद्धार्थ माविमा अध्ययन गरी उत्कृष्ट भएका पूर्वविद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो । विद्यालयका पूर्वविद्यार्थी सर्वज्ञरत्न खतिवडा, स्नेहा प्रधान र शान्ति थिङलाई सम्मान गरिएको हो ।

त्रिविवि नेपाल चिकित्सा शास्त्र संकायअन्तर्गत एमविविएसतर्फ पूर्णछात्रवृत्ति प्राप्त गर्न सफल पूर्वविद्यार्थी खतिवडा, बीएससी नर्सिङतर्फ पूर्णछात्रवृत्ति प्राप्त प्रधान र बीएससी कृषितर्फ पूर्णछात्रवृत्ति प्राप्त थिङलाई सम्मान गरिएको विद्यालयका प्र.अ. मोहनप्रसाद शर्माले बताए ।

कार्यक्रम हेटौंडा उपमहानगर पालिका २ नम्बर वडाअध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यता तथा विव्यस अध्यक्ष बलराम घिमिरेको अध्यक्षता भएको हो । कार्यक्रममा वडासदस्य ईन्द्र रिजाल, विव्यस सदस्य रामचन्द्र बर्तौला, सरिता दाहाल, शिक्षक अभिभावक संघ सदस्य गणेश हुमागाईलगायत शिक्षक, कर्मचारी तथा विद्यार्थीको उपस्थिति रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

## विज्ञान/प्रविधि

# के चीनले चन्द्रमामा हतियार परीक्षण गरेको हो ?



गत वर्ष एकसाथ चन्द्रमाको सतहमा दुई वटा नयाँ खाडल देखिए । ती खाडलहरु चिनियाँ रकेटको ठक्करबाट बनेका हुन् ।

Chang’e 5–T1 मिसनमा प्रयोग गरिएको रकेटको माथिल्लो हिस्सा चन्द्रमाको सतहमा ठक्कर खाँदा ती खाडल बनेको अनुमान गरिएको छ । तर, त्यसरी ठक्कर खाँदा एउटा मात्रै खाडल बन्नुपर्नेमा दुई वटा खाडल बने । त्यसैले चीनले उक्त रकेटमा कुनै अज्ञात हतियार परीक्षणका लागि चन्द्रमामा पठाएको र सोही हतियारको परीक्षणका क्रममा सतहमा खाडल बनेको अनुमानसमेत गरिएको छ ।

घटना गत वर्षको हो । अमेरिकाको एलआरओ अर्थात् लूनर रिकन्सेन्स अर्बिटरले चन्द्रमाको तस्वीर पठायो। त्यसमा दुईवटा नयाँ खाडल एकसाथ देखिएका थिए । आमरुपमा चन्द्रमाको सतहमा जब कुनै वस्तु ठोक्किन्छ तब त्यसबाट एउटा मात्रै खाडल बन्दछ । त्यसलाई क्रेटर भनिन्छ । तर त्यहाँ दुई वटा खाडल एक अर्कामाथि अवस्थित रहेको पाइन्छ । यो एक दुर्लभ घटना हो ।

यस्तो दृश्यले वैज्ञानिकहरु अचम्ममा परे । किनकि त्यस्तो दुर्लभ खाडल चन्द्रमाको सतहमा पर्नुको रहस्य पत्ता लाग्न सकेको थिएन । साथै उक्त खाडलको आसपासमा रकेटका टुक्राहरुका कुनै प्रमाण पनि भेटिएनन् । आखिर रकेटको एउटा हिस्साको टकरावबाट कसरी दुई वटा खाडल बने ? न त नजिकै कुनै रकेटको सबुत छ, न त कुनै बुस्टर वा यन्त्रको हिस्सा नै देखिन्छ ।

गत वर्ष सन् २०२२ को मार्च ४ मा रकेट बुस्टर चन्द्रमाको अँध्यारो हिस्साको सतहमा ठोक्किएको थियो। एलआरओले सन् २०२२ को मे २५ मा उक्त तस्वीर खिचेको थियो । उक्त क्रेटर बनेको क्षेत्रमा समतल रहेको छ ।

चिनियाँ रकेटका कारण ती दुई खाडल बनेको बताइन्छ, जसमा कुनै अज्ञात हतियार राखिएको अनुमान छ । अथवा कुनै फरक खालको पे लोड पनि हुनसक्छ, जुन रकेटबाट छुट्टिएर नयाँ खाडल बनाएको हुनसक्छ ।

**उत्रै आकारका दुई खाडल**

अन्तरिक्ष वैज्ञानिक बिल ग्रे ले सबैभन्दा पहिले ती खाडल पत्ता लगाएका थिए । उनले नै सन् २०२२ को जनवरीमा रकेट बुस्टर चन्द्रमाको सतहमा ठोक्किने भविष्यवाणी गरेका थिए । बिल ग्रे का अनुसार रकेटको दिशा तथा दशाको गणितले यो बताउँछ कि यो ठाडो १५ डिग्रीको कोणमा गएर ठोक्किएको हुनसक्छ । सोही कारण यसबाट दुईवटा खाडल बन्ने सम्भावना देखिँदैन । तर त्यहाँ दुई वटा खाडल परेका छन् । पहिलो पूर्व दिशामा छ जसको ब्यास १८ मिटर छ । जबकि त्यसकोमुनि रहेको पश्चिमी खाडलको व्यास १६ मिटर छ ।

**स्पेस एक्सको रकेट होइन**

चिनियाँ अधिकारी तथा वैज्ञानिकहरुले भने चिनियाँ रकेटबाट ती खाडल परेको कुरा अस्वीकार गर्दछन् । सन् २०१४ मा चन्द्रमामा पुगेको Chang’e 5–T1 मिसनको रकेट सोही वर्ष वायुमण्डलमा आएर जलेको चीनको दाबी छ ।

यसअघि स्पेस एक्सको रकेटको माथिल्लो हिस्सा जुन चन्द्रमातर्फ गएको थियो सोही हिस्सा चन्द्र सतहमा ठोक्किँदा उक्त खाडल बनेको हुनसक्ने आशंका समेत गरिएको थियो । तर पछि स्पेस एक्सको रकेटबाट ती खाडल नपरेको पुष्टि भयो ।

**चन्द्रमामा ठोक्किए ४७ रकेट**

बिल ग्रे त अहिलेपनि आफ्नो कुरामा अडिग छन् । उनका अनुसार चन्द्रमामा एकैसाथ रहेका दुईवटा खाडल चिनियाँ रकेटमा राखेर पठाइएका कुनै हतियारका कारण बनेका हुन् । एरिजोना स्टेट विश्वविद्यालयका एक अध्ययन अनुसार नासाका कम्तिमा पनि ४७ वटा रकेट वा रकेटका टुक्राहरु हालसम्म चन्द्रमाको सतहमा ठोक्किइसकेका छन् । तर यी कुनै पनि घटनामा हालसम्म एकैसाथ दुईवटा खाडल बनेका छैनन् ।

ती दुई खाडल हेर्दा त लाग्छ कि चन्द्रमाको सतहमा कुनै डम्बबेल खसेको होस् जसका कारण समान आकारका दुई खाडल बने । तर रकेटमा डम्बबेल जस्तो कुनैपनि वस्तु हुँदैन । त्यहाँ जुन टक्कर भयो त्यसबेला ठोक्किने वस्तुको गति ९२९० किलोमिटर प्रतिघण्टा थियो ।

एरिजोना स्टेट युनिभर्सिटीको अध्ययनका प्रमुख शोधकर्ता टेनर क्याम्पबेलका अनुसार ती खाडललाई हेर्दा प्रष्ट हुन्छ कि त्यहाँ दुईवटा समान भार भएका वस्तु ठोक्किएका हुन् । एउटै वस्तुको ठक्करबाट दुईवटा खाडल र त्यो पनि समान आकारका बन्नु कठिन हुन्छ ।

टेनरका अनुसार चिनिया रकेटमा कस्तो खालको पे लोड थियो भन्ने थाहा छैन । तर चीनले कुनै प्रकारको हतियारको परीक्षण चन्द्रमामा गरिरहेको हुनसक्ने उनको आशंका छ । तर चीनले यसको यथार्थ जानकारी दुनियाँलाई सायद कहिल्यै दिनेछैन, त्यसैले यसबारेमा संसारले कहिल्यै पनि थाहा नपाउन सक्छ । उनी भन्छन्, ‘तर चन्द्रमाको सतहमा रकेटसँगै गएको अर्को वस्तु पनि ठोक्किएको छ, जुन रकेटको माथिल्लो हिस्साको वजन बराबर थियो ।’

## यौन / स्वास्थ्य

# दम्पतीबीचको झगडा कसरी सुल्झाउने ?



संसारमा कुनै जोडी छैन होला, जसले एकापसमा झगडा चाहन्छन् । तर भनिन्छ नि, सबै कुरा हाम्रो हातमा हुँदैन । श्रीमान-श्रीमतीको सम्बन्धमा पनि ठ्याक्कै यस्तै हो । कहिलेकाहीं नचाहेर पनि परिस्थिति यस्तो हुन्छ कि झगडा भई नै हाल्छ ।

यद्यपि, हरेक विवाहित सम्बन्धमा सानातिना झगडा हुन्छन् र दम्पतीले समाधान गरेर अगाडि बढ्छन् । तर कहिलेकाहीं सानातिना झगडाले पनि ठूलो रुप लिन्छ र कुरा सम्बन्ध विच्छेदसम्म पुग्छ । त्यसो भए झगडालाई ठूलो रुप लिन नदिन के गर्ने त ? जीवनसाथीसँगको विवादलाई के कस्ता बानीले चर्काउन सक्ला ?

**बोल्दाबोल्दै ठूलो स्वर गर्ने**

झगडा दुवैबाट यस्ता कुरा बोल्दा समस्या आउन थाल्छ । जुन दुवैलाई सहन सहज हुँदैन । आफनो पार्टनरसँग कुनै कुरामा रिस उठ्दा उसले ध्यान दिइरहेको छैन । जसकारण धेरैजसो आवेशमा आएर चर्को स्वरमा बोल्नु हुन्छ । आफनो तर्क साबित गर्न कराउन सुरु गरिन्छ । कतिपय बेला अभद्र भाषा पनि रिसमा प्रयोग हुन्छन् ।

यसले सम्बन्धलाई बिगार्ने मात्र होइन, सम्बन्ध विच्छेदसम्मको अवस्थामा समेत पुर्‍याउन सक्छ । यस्तो अवस्थामा सकेसम्म शान्तिपूर्ण ढंगले समस्याको समाधानतर्फ लैजानुपर्छ ।

**एकअर्कालाई दोष लगाउने**

झगडा हुँदैमा सम्बन्ध खत्तम हुँदैन । तर झगडापछि एकअर्कालाई दोष दिनु ठीक होइन । साना-साना कुरालाई उठाउँदै झगडा गर्ने बानी छ भने यसले तपाईंको सम्बन्धमा चिसोपन ल्याउन सक्छ । यस अवधिमा एकअर्काको गल्ती गन्नुको सट्टा समझदारी देखाएर कुरालाई शान्त पार्नु राम्रो हुन्छ ।

**कुरालाई अपूरो छाड्ने**

कसैको बानी कुनै कुरालाई लिएर बहस सुरु गरी नसल्टाई अचानक मौन बस्ने हुन्छ । तर मौन बस्नु समाधान होइन । यसले सल्किरहेको आगोमा घिउ थप्नु सरह हुन जान्छ । यसो गरेमा पार्टनरले टाढा भागिरहेको अनुभव गर्न सक्छन् । यस्तो व्यवहारले समस्या मात्र बढाउँदैन । सम्बन्ध पनि पहिलेको जस्तो हुनेछैन ।

**एकअर्कालाई शत्रु मान्ने**

श्रीमान्-श्रीमतीबीचको अनावश्यक झगडाले उनीहरुको सम्बन्धलाई कमजोर बनाउँछ । तर झगडापछि एकअर्कालाई शत्रु ठानेपछि भने झन् ठूलो समस्या खडा हुन्छ । यस क्रममा उनले आफू एउटै छतमा रहेको कुरा बिर्सन्छन् । यदि हात हालाहाल नै हुने सिर्जना पैदा भई तिनीहरूमध्ये एकलाई पनि चोट पुग्यो भने उनीहरूको दाम्पत्य जीवनमै ठूलो असर गर्छ । त्यसैले एकअर्काविरुद्ध हुँदा कुनै पनि समस्या समाधान हुँदैन, झन् जटिल बन्दै जान्छ । यसो गर्नाले सम्बन्ध अन्धकार हुदै सबै कुरा हातबाट फुस्किन सक्छ ।

**कसरी सुल्झाउने ?**

झगडा एक पटक सुरु भएपछि कसरी रोक्ने ? यो जान्न गाह्रो हुन सक्छ । द्वन्द्व रोक्न असम्भव जस्तो लाग्न सक्छ । झगडा घरको काम वा स-सानो असहमतिदेखि, शंका वा आर्थिक लेनदेन प्रमुख झगडाको दायरामा हुन सक्छ । यस्तोमा कस्तो प्रकारको असहमति छ भनेर पहिचान गर्न महत्त्वपूर्ण छ । किनभने यसले बहस रोक्न उत्तम तरिका निर्धारण गर्न मद्दत गर्नेछ ।

सम्बन्धमा विवाद रोक्ने एउटा तरिका भनेको विवाद चुलिँदै गएपछि केहीबेर दुवैले विश्राम लिन सकिन्छ । यसले प्रत्येक व्यक्तिलाई वार्तालाप जारी राख्नुअघि स्थितिमा चिन्तन गर्न समय दिन्छ । विवाद हुँदा भन्न सकिने केही प्रभावकारी वाक्य पनि छन् । जसले तातेको माहोललाई सेलाउँछ ।

**“मलाई यसको बारेमा सोच्न दिनुहोस्”**

यति भनिसकेपछि केही समय दुवै शान्त रहन्छन् । यस्तोमा पार्टनरले विचारलाई ख्याल गरेको जनाउँछ । समय लिएर सोच्दा समस्याको समाधान पक्कै निस्कन्छ ।

**“तपाईं सही हुन सक्नुहुन्छ”**

यो वाक्यले विवादित बनेको विषयमा सकरात्मक सम्झौता गर्न इच्छुकता देखाउँछ । यो संकेत धेरैजसो व्यक्तिको स्थितिलाई नरम बनाउन पर्याप्त छ । र, उनीहरूलाई एक कदम फिर्ता लिन सोच्न बाध्य बनाउँछ ।

**“मैले बुझें”**

यी शक्तिशाली शब्दहरू हुन् । झगडा भावना र अवस्था नबुझ्दा हुने गर्छ । यदि भनेको कुरा राम्रोसँग सुनेर आफूले बुझेको बताँउदा यसले सहानुभूतिको संकेत देखाउँछ । बुझ्नुको अर्थ गलत कुराको पनि सहमत हुनु होइन । बुझ्नु भनेको समस्या समाधान गर्नैपर्छ भन्ने होइन । तर सुनेर गलत भए शान्त भएर सम्झाउन मद्दत गर्छ ।

**“मलाई माफ गर”**

गल्ती स्वीकार गर्दा सानो भइने सोचले धेरै व्यक्ति माफी माग्न हिच्किचाउँछन् । तर कहिलेकाहीं विवादमा माफी माग्दा सहानुभूति व्यक्त हुन्छ । यसले रिसको भावनालाई एकैछिनमा मार्न सक्छ ।

## साहित्य

# सुन्दर देश नेपाल

✍ईलिना सापकोटा
कक्षा-४, बालजागृति ईङ्लिस बोर्डिङ स्कूल, हेटौंडा-२

नमस्कार मेरो नाम इलिना सापकोटा हो । म आज हाम्रो प्यारो देश नेपालको बारेमा लेख्दैछु । संसारमा धेरैओटा देशहरु छन् । त्यसमध्य नेपाल पनि एउटा सुन्दर देश हो । सानो देश भएपनि असाध्यै सुन्दर छ । यहाँ करिव ३ करोड मानिसहरु बासेबास गर्छन् ।

हाम्रो देश नेपालमा ७ प्रदेश र ७७ जिल्लाहरु छन् । नेपालमा धेरै ठाउँहरु छन् । त्यसमध्य काठमाडौं नेपालको राजधानी हो । नेपालमा १८ जना राष्ट्रिय विभूतिहरु हुनुहुन्छ । विश्वको सवैभन्दा अग्लो हिमाल सगरमाथा पनि हाम्रो नेपालमा पर्दछ । जलश्रोतमा हाम्रो नेपाल दोश्रो स्थानमा पर्दछ ।

त्यसैगरी वन जंगल, हिमाल, पहाड जडिबुटी आदिलाई हिसाव गर्ने हो भने नेपाल धनि मान्न सकिन्छ । विश्वमा कहिँपनि नपाइने काँडेभ्याकुर चरा हाम्रो नेपालमा मात्र पाइन्छ । काँडेभ्याकुरलाई हेर्न संसारभरिका मानिसहरु नेपाल आउने गर्छन् । यी धेरै कुराहरुले गर्दा नेपाललाई सुन्दर देश मान्न सकिन्छ ।

धन्यवाद

# भ्रष्टाचार



✍प्रशन्न परियार
कक्षा ८, नवोदय शिशु सदन

समाज र देशको ठूलो समस्या हो भ्रष्टाचार
देशमाथि गरिरहेछ भ्रष्टाचारीहरुको अत्याचार

भ्रष्टचारले बिगारिरहेछ मानिसको राम्रो आचार
परिवर्तन गर्नुपर्छ अब मानिसको विचार

नेताले गरेर भ्रष्टाचार भएछ देश खोक्रो
समस्या रहेछ हाम्रो देशका नेतामा बोक्रो

नराम्रो प्रभाव पारी यसले देशलाई बिगार्ला
देश बिगार्ने मानिसलाई सबैले धिक्कार्ला

देश रोएको हामी कसैले पनि सुनेनौं
विकासमा हात हालेको हामी कसैले देखेनौं

देशको विकासमा पुर्‍यायो भ्रष्टाचारले धेरै बाधा
यहीं बाधाले गरेर देशमा चोट पर्‍यो धेरै गाढा

अब मेटाउनुनै पर्छ हाम्रो देशमा भएको भ्रष्टाचारलाई
मेटाउनु पर्छ भ्रष्टाचारले देशमाथि गरेको
अत्याचारलाई ।

कविता

# अनुहारहरू

✍अशोक पार्थिव तामाङ
तपेश्वरी १, उदयपुर

अनुहारहरू
मृगतृष्णाको रापमा जल्दै
तासको पत्ति फिट्छन्
एक्का, दुक्की, बास्सा अनि जोकर
लोभले च्याँखे थाप्छ रहरहरू
दाउ बल्झिन्छ घाउ भएर अतितहरू
पन्ना पन्नामा लिप्सिएका मसिका रेखांकित
दागहरू

हावामा उड्छ बाफ भएर
प्रत्येक घुम्तीमा ब्रेक दाब्न खोज्यो
अनि कच्याक-कुचुक हुन्छ
यी प्लास्टिक र कागजका अनुँहारहरू
भाग्यको कोलमा पेल्छ उद्देश्का तोरीहरू

प्रत्येक घानमा तोरी पेलिन सक्दैन
पिना डढेर खरानी हुन्छ,
माटोको डल्लाले सोसेर
अनुरागका पानीहरू !
बर्षाउछ बिरक्तीको घामहरू
अनि छाम्छ
त्यो थोत्रे निधार सुँक्सुँक् गर्दै
यी बासी अनुहारहरू

लंगुरबुर्जा जित्छ कुनै समय
तास चाहनाको फिट्छ समय
हार्छ आफैसित अनि
चाउरिन्छ नशानशामा खुम्चिएर
प्रायश्चितले
सडेका निलो र कालो अनुँहारहरू

क्षणक्षण कलेटी बोकेर ओठमा
लाली किन्न हतारिन्छु कस्मेटिक पसल
जीवनको लोकसेवा आयोगको परक्षिा दिन
झुन्डिन्छु कम्प्युटरको किबोर्डमा
अनि देख्छु छर्लङग
स्क्रिनमा कैद भएका
यी फुंग रंग खुईलिएका
रक्त अल्पताले ग्रसित
मनोभावनाका भिखारी
बेचैन म जस्ता थुप्रै अनुहारहरू ।

कविता

# अक्षरका आवाजहरु

✍जयराम तिमल्सिना

अमिलो अनुभूतिको छाँयानेर
अक्षरहरु लिगलिगकोट दौड
स्वतन्त्रताको धीत मार्ने
विचलित अधमरा तनहरु

तातो खरानी ताप्दै
अनन्त प्रतीक्षाका फूलहरुमा
दुखेरै माटोभरी बाँचिरहेछन् ।
एक अक्षरका कविताहरु

शालीनताहीन अवशेष
उज्यालो ओसिएका आँगनिमा
एउटा हृदयको विचार
अवैध छक्का हानिन्छन्

अचुक रुग्ण वर्तमानमा
सत्य निषेध परम्पराबाट ।
एउटा अनिश्चित भय
संवेदना हराएका कथाहरु

खाली मझेरीको आश्रम
कालो वादल छोचोलेर
अनिकाल भरिन्छ पाथीमा
वाणीहीन अस्पष्ट जलप

चुहिएर रितिएको सजीवता ।
सकिसकेको छैन जीवन
आवाजसंगै आकृतिसंगै
सानो संकल्प लिएर

आगो र पानीका कथाजस्तै
चिच्च्याईरहे जागा नै रहे
अक्षरका एकहुल अवाजसंगै ।

# गजल

✍उमेश राई “अकिन्चन”

फूल पनि झरेपछि माटो हुन्छ
काँडा पनि टेकेपछि बाटो हुन्छ

कहाँ हुन्छ जून सधै आकाशमा
मौसम पनि चिसो र तातो हुन्छ

उदाउदै गर्दा घाम हेर क्षितिजमा
त्यो पनि शुरुवातमा रातो हुन्छ

चिन्दैन दुनिया असली मान्छे
इमान्दार पनि यहाँ लाटो हुन्छ

कविता

# भ्रम नपाल्नू

✍कविता राजु ‘हिमांशु’
डाउहिल, खरसाङ, भारत।

म चुपचाप छु अहिले
मौनताभित्र छु अहिले
तर
म चुपचाप बसेको छु भन्दैमा
म शान्त छु भनेर नसोच्नू
म शान्तिमा छु भनेर नसोच्नू
वास्तवमा तिमीलाई थाहा छैन
मभित्र कति डरलाग्दो आँधी-बेह्री चलिरहेछ
मभित्र कति अशान्त ज्वारभाटा उर्लिरहेछ

मौन रहनु नै शान्त हुनु होइन
चुप बस्नु नै शान्ति हुनु होइन
कहिलेकाहीँ मौनताभित्र
डढेलो सल्किरहेको हुन्छ निभाउनै नसक्ने
कहिलेकाहीँ चुपचाप बसाइभित्र
भिसुभियस छटपटाइरहेको हुन्छ भित्रभित्रै

मलाई शान्त देखेर छेउमा नआउनू
मभित्रको उथलपुथलले पोल्न सक्छ
मलाई मौन देखेर छाम्नु नआउनू
मभित्रको लाभाले डाम्न सक्छ

कहिलेकाहीँ मनभित्रभित्र पोल्ने अभावको उत्तापमा पनि
चुपचाप बसिदिनुपर्छ
कहिलेकाहीँ मनभित्रभित्र चर्तिकला गर्ने
घाउको रापमा पनि
चुपचाप सहिदिनुपर्छ
त्यसैले
बाह्य आवरणमा मक्ख परेर छुनु नआउनू
मौनताभित्र शान्ति हुन्छ भनेर
भ्रम नपाल्नू
भ्रम नपाल्नू
भ्रम नपाल्नू

## लघु कथा

# पेशागत प्रतिभा

✍दिलीप आचार्य

उनीहरु दुईजना अक्सर एकै ठाउँमा देखिन्थे। पहिलो व्यक्ति बोल्नेहरुको आसनमा हुन्थ्यो भने दोस्रो व्यक्तिहरु सुन्नेहरुको लहरमा ।

पहिलो चोटि उनीहरु दुईजनाको भेट यौटा औद्योगिक मेलामा भएको थियो । त्यस दिन बोल्ने व्यक्तिले उद्योगधन्दाको बारेमा यत्ती गहिरो विवेचना गरेको थियो कि, सुन्ने व्यक्ति उसको उद्योग र प्राविधिक ज्ञानबाट एकदम प्रभावित भएको थियो ।

त्यसपछि अर्को दिन यौटा धार्मीक समारोहमा बोल्ने व्यक्तिले गिताको बारेमा खुब जोडदार व्याख्या गर्‍यो । सुन्ने व्यक्ति उसको धार्मिक आस्था र नैतिक मान्यता देखेर ओतप्रोत भयो ।

त्यसको केहि समयपछि बोल्ने व्यक्ति यौटा साहित्यिक जमघटमा देखीयो । त्यहाँ बोल्ने व्यक्तिले साहित्यको उत्थानको बारेमा साहित्यकारले भन्दा पनि ओजपूर्ण र सारगर्भित भाषण दियो । सुन्ने व्यक्ति उसको साहित्य प्रतिको सदभाव र मिठासपूर्ण वचनले गद्‌गद् भयो ।

त्यसपछि पनि कहिले व्यापारिक मेलामा कहिले वैज्ञानिक भेलामा, कहिले विद्वानहरुको छलफलमा कहिले कलाकारहरुको दलबलमा उनिहरुको भेट भइनै रह्यो ।

प्रत्येक पटकको भेटेपछि सुन्ने व्यक्ति बोल्ने व्यक्तिबाट झन् झन् प्रभावित हुदैं गयो । सुन्ने व्यक्ति आश्रुचर्य चकित थियो र उसले यो पनि निक्र्योल गर्न सकेको थिएन कि वास्तबमा त्यो बोल्ने व्यक्ति प्राविधिक थियो वा प्रशासक, साहित्यकार थियो वा वैज्ञानिक किनकि त्यो बोल्ने व्यक्ति जुनसुकै ठाउँमा पनि पुग्थ्यो र जुनसुकै विषयमा पनि बोल्न सक्थ्यो ।

अन्तमा सुन्ने व्यक्ति बोल्ने व्यक्तिबाट यति प्रभावित भयो कि उसले बोल्ने व्यक्तिको बहुमुखी प्रतिभाको बारेमा अनुशन्धान गर्न थाल्यो । तर जति जति खोजीनीति चल्यो उति उति सुन्ने व्यक्ति भने छक्क पर्दै गयो, किनकि न त त्यो बोल्ने व्यक्ति उद्योगधन्दाको बारेमा नै विज्ञ थियो, न त आध्यात्मिक चिन्तक । न त उसले वाणिज्यशास्त्र पढेको थियो न त साहित्य वा धर्ममा नै उसको झुकाव थियो । बिस्तारै खोजि पस्दा सुन्ने व्यक्तिले थाहा पायो कि त्यो बोल्ने व्यक्तिले औपचारिक शिक्षा समेत पुरा गरेको रहेनछ ।

आजकल सुन्ने व्यक्ति बोल्ने व्यक्तिको बोलिबाट प्रभावित हुन छाडेको छ, तर पेशा र बाध्यताका कारण बोल्ने र सुन्ने कार्य भने पूर्ववत् नै चलिरहेको छ ।

कसैलाई भन्नु नपर्ला उनिहरुमध्ये बोल्ने व्यक्ति एकजना नेता वा मन्त्री भएकोले उसले जुनसुकै विषयमा पनि बोल्ने गर्थ्यो र सुन्ने व्यक्ति चाही एकजना पत्रकार भएकोले जे बोलिए पनि उसले सुन्नै पर्थ्यो ।

# प्रधानमन्त्रीका घोषणाले दबाबमा राष्ट्र बैंक

काठमाडौं/नेपाल राष्ट्र बैंकले मंसिरको पहिलो साता सकिँदा पनि चालु आर्थिक वर्षको मौद्रिक नीति समीक्षा सार्वजनिक गर्न सकेको छैन । मौद्रिक नीति तर्जुमा कार्यविधिअनुसार कात्तिक मसान्तमा नै राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा सार्वजनिक गर्नुपर्ने हो ।



राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले तिहारअगाडि नै मौद्रिक समीक्षाको लागि विश्लेषणसहितको प्रतिवेदनको मस्यौदा व्यवस्थापन समितिलाई बुझाएको थियो । तिहारलगत्तै पनि दोस्रो पटक थप विश्लेषणसहित प्रतिवेदन बुझाए पनि मौद्रिक नीति समीक्षाको लागि राष्ट्र बैंकको व्यवस्थापन समितिमा समेत छलफल भएको छैन । अधिकारीहरू मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अर्थतन्त्र सुधारका लागि भन्दै गरेका विभिन्न घोषणाले समीक्षा धकेलिएको दाबी गर्छन् ।

अर्थविद्, राष्ट्र बैंक, अर्थमन्त्रालयसहितका सरकारी निकाय र निजी क्षेत्र सहितको छलफल गरेका थिए । उक्त छलफलपछि प्रधानमन्त्री प्रचण्डले ११ बुँदे घोषाणाहरू गरेका थिए ।

बैंक तथा वित्तीय संस्थाबाट ऋण लिई सदुपयोग गरेका, तर आर्थिक शिथिलताका कारण ऋण भुक्तानी गर्न समस्या भएका ऋणीहरूको हकमा नेपाल राष्ट्र बैंकले अध्ययन गरेर ऋण भुक्तानीमा सहजीकरण गर्ने प्रधानमन्त्रीको घोषाणामा उल्लेख थियो । केही महिनायता बैंकको ब्याजदर क्रमश: घट्दै गएको अवस्था भएपिन अझै उच्च नै रहेकाले राष्ट्र बैंक्ले बैंक्दरको सम्बन्धमा अध्ययन गरी पुनरावलोकन गर्ने विषय पनि घोषणामा थियो । अर्थतन्त्रको शिथिलताका कारण लघुवित्त संस्थाबाट लिएको ऋण इमानदारीका साथ काम गर्दा पनि तिर्न गाह्रो भयो भन्ने गुनासो कायम रहेकाले राष्ट्र बैंकले अध्ययन गरी सहजीकरण गर्ने विषय पनि प्रधानमन्त्रीको घोषाणामा समेटिएको थियो । यस्ता विषयहरु राष्ट्र बैंकको क्षेत्राधिकारभित्र पर्छन् ।

प्रधानमन्त्री प्रचण्डले सार्वजनिक रुपमै दिएका घोषणा भएपनि घुमाउरो ढंगले सरकारको निर्देशन हो भन्ने बुझेका गभर्नर महाप्रसाद अधिकारी अहिले दबाबमा छन् । मौद्रिक नीतिबाट निजी क्षेत्रका केही चासोहरु सम्बोधन गर्नुपर्ने भएपछि राष्ट्र बैंक कसरी मौद्रिक नीतिको समीक्षा गर्ने भन्ने अन्योलमा छ ।

**दबाबमा केन्द्रीय बैंक र बैंकर**

राष्ट्र बैंक कोभिडपछि सरकारले अन्तराष्ट्रिय मुद्रा कोषसँग लिएको विस्तारित कर्जा सुविधाको शर्तको कारण कसिलो मौद्रिक नीतिको कार्यादिशालाई निरन्तरता दिनुपर्ने दबाबमा छ । अर्थतन्त्रको बाह्य क्षेत्र बलियो बन्दा पनि मौद्रिक नीतिमा लचकता अपनाउन राष्ट्र बैंकले अझै साहस देखाएको छैन ।

प्रधानमन्त्रीको निर्देशन पछिको दबाबबीच बुधबार नै गभर्नर महाप्रसाद अधिकारीले बैंकरसँग छलफल गरेका थिए । गभर्नर अधिकारीले परिस्थितिजन्य कारणले अप्ठेरोमा परेका उद्यम/व्यवसायको प्रवर्द्धनका निम्ती आवश्यक सहजीकरण गरिदिन बैंकहरुलाई निर्देशन दिएका छन् ।

'असल मनशायले व्यवसाय सञ्चालन गर्दागर्दै पनि अर्थतन्त्रको प्रतिकूल अवस्था र परिस्थितिजन्य कारणले कसैलाई अप्ठेरो परेको छ भने त्यस्ता व्यवसायीलाई सहजीकरण गरिदिनुस्,' गभर्नर अधिकारीले बैंकरसँग भनेका थिए, 'उद्योग/व्यवसाय सहज रूपमा सञ्चालन हुने आवश्यक वातावरण बनाऔं, त्यसको निम्ती आवश्यक नीतिगत समन्वय र अभिभावकत्व ग्रहण गर्न राष्ट्र बैंक तयार छ ।'

वित्तीय स्थायित्वमा असर पार्ने गरी वित्तीय क्षेत्रविरुद्ध हुने अवाञ्छित गतिविधिप्रति कुनै किसिमको सम्झौता हुन नसक्ने गभर्नर अधिकारीले बताएका छन् । उनले परिस्थितिजन्य कारणले समस्यामा रहेको व्यवसायीलाई सहजीकरण गर्नुपर्ने बताउँदै नियतवस कर्जा नतिर्नेमाथि बैंकिङ कसुरको कानुनअनुसार अगाडि बढ्न समेत भनेका छन् ।

तर, बैंकरहरुले पनि जोखिमलाई हेरेर नीति बनाउनुपर्ने बताएका छन् । कोभिडकालदेखि नै भाका नाघेको कर्जालाई पुनर्संरचना र पुनरतालिकीकरण गर्दै आएका बैंकहरु पछिल्लो समय निष्कृय कर्जामा भएको वृद्धिसँगै दबाबमा छन् । राष्ट्र बैंकले प्रकाशन गरेको तथ्यांकअनुसार २०८० असोजसम्म बैंकहरुले उठ्न नसकेको ब्याज १ खर्ब २० अर्ब नाघेको छ ।

राष्ट्र बैक र सरकारले प्याकेज ल्याउनुपर्ने र त्यसमा सहयोग गर्न तयार रहेको बैंकरले बताएका छन् । थप दायित्व बहन गर्न सक्ने अवस्थामा नरहेको बैंकहरुको भनाइ छ । बैंकिङ क्षेत्रले अझै पनि जोखिममा रहेको कर्जालाई पर सार्दै लैजाने हो भने वित्तीय क्षेत्रमा नै संकट आउने सक्ने र विस्फोट हुने बताउँछन् ।

'बैंकहरुलाई पुससम्म पुनर्संरचना र पुनर्तालिकीकरणको समय दिइएको छ । अझै जोखिम सारेर बैंकहरुको काँधमा थप्दा वित्तीय क्षेत्रमा नै संकट आउनसक्छ,' राष्ट्र बैंकका एक उच्च अधिकारी भन्छन्, 'सरकारले नै केही प्याकेज ल्याउनुपर्ने हुन्छ । राष्ट्र बैंकले पुनर्कर्जा दिने पनि ५८ अर्बको कोषबाट ५० खर्बको कुल कर्जामा कति दिने ?'

राष्ट्र बैंकले पुनर्कर्जा दिएपनि अन्तरबैंक ब्याजदर २ प्रतिशतमा रहेको भन्दै उक्त पैसा पुन: राष्ट्र बैंकले नै तान्नुपर्ने अवस्था भएको उनले बताए ।

मंगलबार बैंकर संघका अध्यक्ष सुनिल केसीले प्रधानमन्त्री कार्यालयमा भएको छलफलमा नै निजी क्षेत्रलाई सहजीकरण गर्न बैंकहरु तयार रहेपनि राष्ट्र बैंक र सरकारले नै प्याकेज ल्याउनुपर्ने बताएका थिए । 'केही क्षेत्रमा पुनर्कर्जा दिनुपर्छ । बैंकिङ क्षेत्रसँग भएको स्रोत परिचालन गरेर आर्थिक गतिविधि बढाउन सकिन्छ । त्यसको लागि बैंकहरु तयार छन्,' केसीले भनेका थिए ।

बुधबार गभर्नर अधिकारीले गरेको छलफलमा पनि बैंकरले सोही कुरा दोहोऱ्याएका थिए । गभर्नर अधिकारीले बैंकरलाई सोमबारसम्म आर्थिक गतिविधि बढाउने र बैंकिङ क्षेत्रमा देखिएको समस्या पनि समाधान गर्ने गरी सुझाव दिन भनेका थिए । गभर्नरले सोही कारण मौद्रिक नीतिको समिक्षा पनि सारेको राष्ट्र बैंकका अधिकारीहरु बताउँछन् ।

**लचकता लिन पनि डर**

असोजयता बैंकिङ प्रणालीमा अधिक तरलता रहेकोले अहिले बैंकदर घटाउनुको पनि औचित्य नभएको राष्ट्र बैंकका एक अधिकारीले बताउँछन् । 'प्रधानमन्त्रीले बैंकदर घटाउन भन्नुभएछ । नीतिगत दर नै अहिले कार्यन्वयन नभएको अवस्था छ । अन्तरबैंक ब्याजदर २ प्रतिशतमा छ,' उनले भने, 'बैंकदरले ब्याजदरलाई खासै प्रभाव पर्ने अवस्था छैन । निक्षेप संकलन दर प्रभावकारी कार्यान्वयन गर्नुपर्ने त्यो समेत हुन सकेको छैन ।'

हाल कोभिडपछि जथाभावी घरजग्गा र सेयर बजारमा भएको लगानी फसेका कारण त्यसमा सुधार नहुँदा मात्रै समस्या देखिएको राष्ट्र बैंकको विश्लेषण छ । अब प्रभावित क्षेत्रमा गतिविधि बढाउनुपर्छ भन्ने निष्कर्षमा राष्ट्र बैंक पुगेको छ ।

'घरजग्गा र सेयरमा फसेको लगानीले निजी क्षेत्र दवाबमा छ । जुन बैंक, नियामक र निजी क्षेत्र तिनै पक्षको कमजोरीले भएको हो,' उनले भने, 'त्यसको प्रभावले अहिले बजारमा देखिएको दबाब कम गर्न कतिसम्म लचकता अपनाउन सकिन्छ भन्ने हेर्नुपर्छ, धरै लचक हुँदा घरजग्गाको मूल्य थप बढ्न जान्छ । तर, यो क्षेत्रलाई चलायमान पनि बनाउन जरुरी भने छ ।'

सेयरमाथिको लगानी नीति पनि धेरै लचक बनाए सम्पत्तिको मूल्यमा 'बबल' सिर्जना हुने भएकाले चलायमान बनाउनेतर्फ मात्रै मौद्रिक नीतिले हेर्ने अधिकारीहरु बताउँछन् । तर, यसका लागि कस्तो नियामकीय नीति ल्याउने भन्नेमा राष्ट्र बैंक अलमलमा छ ।

अर्थमन्त्री प्रकाशशरण महत पनि राष्ट्र बैंकको तर्कहरुसँग सहमत छन् । बिहीबार कर दिवसको अवसरमा आयोजित कार्यक्रममा अर्थमन्त्री महतले एउटा परिस्थितिमा घरजग्गामा लगानी बढी भएको र सेयरको मूल्य पनि अस्वभाविक बढेको बताएका थिए ।

'त्यही बेला गाडी आयातमा पनि बढी खर्च भयो, नियामकीय कमजोरी पनि भयो भने त्यसमा निजी क्षेत्रले पनि गलत गरे । जसले गर्दा अहिलेको समस्या आएको हो,' उनले भने, 'आर्थिक सूचकहरुले अर्थतन्त्रमा सुधार हुँदै गएको देखाएको छ । तर, लगानी घरजग्गा र सेयरमा फसेकोले निजी क्षेत्रलाई असहज भएको हो । त्यसमा हामीले सुधार गर्दै गएका छौं ।'

अर्थतन्त्र सुरिहेको अर्थमन्त्री र गभर्नरको दाबीमा निजी क्षेत्र भने सहमत देखिएको छैन । कर दिवसको अवसरमा आयोजित कार्यक्रमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले अर्थतन्त्र अझै पनि जटिल अवस्थामा रहेकाले नीतिगत सुधारको माग गरेका थिए ।

आन्तरिक अर्थतन्त्र दबाबमा रहेपनि राष्ट्र बैंकले प्रकाशित गरेको आर्थिक सूचकहरुले अहिले अर्थतन्त्रको बाह्य क्षेत्र भने दवाबमुक्त देखिन्छ । शोधनान्तर बचत आर्थिक वर्षको पहिलो ३ महिनामै १ खर्ब नजिक पुगेको छ । यस्तै चालु खाता पनि बचतमै छ ।

विदेशी विनियम सञ्चिति १६ खर्ब ४३ अर्ब रुपैयाँ पुगेको छ । कात्तिकमा आयात घटेको र रेमिट्न्सको अवस्था राम्रो रहेकोले विदेशी विनियम सञ्चिति १७ खर्ब नाघ्नसक्ने राष्ट्र बैंकको विश्लेषण देखिन्छ ।

'राष्ट्र बैंकसँग कात्तिकसम्म पौने १६ खर्ब विदेशी मुद्रा सञ्चिति छ । बैंकहरुको तथ्यांक आउन बाँकी छ । त्यसले १७ खर्ब नाघ्न सक्छ,' राष्ट्र बैंकका एक अधिकारीले भने ।

सरकारले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा मुद्रास्फीति ६.५ प्रतिशत कायम राख्दै निजी क्षेत्रमा प्रवाह हुने कर्जा ११.५ प्रतिशतले विस्तार गर्ने लक्ष्य लिएको छ ।

प्रथम त्रैमासमा कर्जा विस्तार २.५ प्रतिशत भएको देखिन्छ । मंसिरपछि पनि सोही अनुपातमा विस्तार हुनेमा भने आंशका छ । असोजसम्म बढेको आयातले केही आशा जगाए पनि कात्तिकमा पुन वैदेशिक व्यापार संकुचित भएको छ ।

यस्तो अवस्थामा घर जग्गा र सेयर लगायत सम्पत्तिको मूल्य धेरै बढ्ने गरी लचकता अपनाइ कोभिडपछिकै अवस्था आउने डर राष्ट्र बैंकलाई छ । यो वर्ष विद्युतीय गाडीको आयात उच्च हुँदा प्रत्यक्ष राजस्व वृद्धिमा प्रभाव देखिएको छ । अर्कोतर्फ इन्धनको खपत घट्दा पनि राजस्व प्रभवित भएको छ ।

सम्पत्तिको मूल्य बढेर पूँजीगत लाभ बढ्दा पुन: गाडी र मोबाइल फोनकै आयात बढ्न भएकोले सजग भएर सेयर र घरजग्गामा नीतिगत लचकता अपनाउनुपर्ने राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागका अधिकारीहरु बताउँछन् ।

राष्ट्र बैंकले नीतिगत दर लाई गत आर्थिक वर्षको मौद्रिक नीतिबाट मुद्रास्फीतिको लक्षित सीमासँग आवद्ध गराएको केन्द्रिय बैंकले नीतिगत दर ६.५ प्रतिशत र बैंकदर ७.५ प्रतिशत कायम गरेको थियो । मुद्रास्फीतिको दबाब कायमै रहेकोले नीतिगत दर तत्काल चलाउने सम्भावना कम छ । यस्तो अवस्थामा मौद्रिक नीतिले कसरी निजी क्षेत्रको माग, प्रधानमन्त्रीको चाहाना र बजारको दबाबलाई सम्बोधन गर्छ भन्ने स्पष्ट छैन ।

*(स्रोत: अनलाइनखबर)*

# 'बलिदान'मा विराज भट्टको माग, के सम्भव छ ?

काठमाडौं/'प्रेमगीत' फेम्ड निर्माता सन्तोष सेनले आफ्नो निर्देशनमा ६ करोड खर्चिएर नेपाली र हिन्दी भाषामा फिल्म 'बलिदान' बनाउँदैछन् । लक्ष्मीपूजाको दिन टिजर सार्वजनिक गरिएदेखि चर्चामा रहेको फिल्ममा सौगात मल्ल र अर्पण थापा मुख्य भूमिकामा भित्रिसकेका छन् । मुख्य भूमिकाका लागि अझै केही कलाकारको खाँचो छ । दर्शकहरूले भने 'एक्सन स्टार' विराज भट्टको नाम जपेका छन् ।



सार्वजनिक टिजरको कमेन्टमा निहाल्ने हो भने ३० प्रतिशतभन्दा बढीले मुख्य भूमिकामा विराजको नाम लिएको देखिन्छ । कमेन्ट बक्समा झमन सिंह सुनार लेख्छन्, 'यो फिल्ममा विराज भट्ट भइदिए बबाल हुन्छ । किनकि, त्यो भ्वाइस अनि एक्सन अरु कोहीमा हुनै सक्दैन ।' त्यस्तैगरी, राज श्रेष्ठले टिजरमा प्रस्तुत पात्रमा विराज सुहाउने उल्लेख गरेका छन् । यस्ता कमेन्ट टिजरमा धेरै छन् ।

केही प्रतिशतले अभिनेतात्रय राजेश हमाल, निखिल उप्रेती र प्रदीप खड्काको पनि माग गरेका छन् । तर, विराजकै नाम कमेन्टमा हाबी छ । यसलाई निर्माता सेनले सकारात्मक रुपमै लिएका छन् । उनले फिल्मीखबरसँग भने- 'फिल्म एक्सन प्रधान भएकाले पनि दर्शकहरुलाई विराज भट्ट सुहाउँछ भन्ने लागेको हुनसक्छ । यसले हामीलाई एक्सनमा अझ जिम्मेवारी थपेको महसुस भएको छ ।'

सन्तोष फिल्ममा विराज भट्टको सम्भावनालाई नकार्न भने सक्दैनन् । 'अहिले नै विराज भट्टको सम्भावनालाई नकार्न चाहिँ सक्दिैन । तर, वास्तविक मुद्धामा फिल्म बन्न लागेकाले स्क्रिप्ट पूर्ण रुपले तयार भएपछि मात्र मुख्य भूमिकाका लागि सोच्ने छौं । फिल्मको विषय र चरित्रले उहाँलाई कति माग्छ भन्ने कुरा हो । तर, दर्शक र कन्टेन्ट दुवैलाई न्याय हुने गरि चरित्र छनोट गर्नेछौं,' उनले भने ।

त्यसो त विराजसँग निर्माता सेनको राम्रो सम्बन्ध छ । 'प्रेमगीत ३'को हिन्दी डबसँगै भारत प्रदर्शनको क्रममा उनको विराजसँग केही पटक मुम्बईमा भेटघाट भएको थियो ।

विराजले त्यसबेला आफ्नो सामाजिक सञ्जालमार्फत् फिल्मको सफलताको शुभकामना पनि दिएका थिए । अब दर्शकहरुबाटै 'बलिदान'को मुख्य भूमिकामा विराजको माग भएपछि निर्माता सेनलाई सोच्न बाध्य बनाएको छ ।

# 'दिमाग खराब'ले ७ करोड कमाएको निर्माताको दाबी

काठमाडौं/बलिउड फिल्म 'टाइगर ३'को चुनौतीका बावजूद तिहारको अवसर पारेर कात्तिक २४ गतेबाट प्रदर्शनमा आएको निश्चल बस्नेतद्वारा निर्देशित फिल्म फिल्म 'दिमाग खराब' घरेलू बक्स अफिसमा बलियो पकड बनाएको छ । ओपनिङ कमजोर रहे पनि अब्बल 'वर्ड अफ माउथ'ले तिहारको विदाबाट फिल्मले 'पिकअप' लिन थालेको थियो । यतिबेला 'टाइगर ३'भन्दा राम्रो व्यापार गरिरहेको छ ।




शुक्रबारदेखि तेस्रो हप्तामा प्रदर्शन थालेको फिल्मको दुई हप्ते 'कलेक्सन रिपोर्ट' सार्वजनिक गरिएको छ । फिल्मले दुई हप्तामा ७ करोड ग्रस कमाई गरेको दाबी निर्माण कम्पनी सिनेमा आर्ट्सको छ । चलचित्र विकास बोर्डले गत असारपछि कुनै पनि फिल्मको बक्स अफिस रिपोर्ट सार्वजनिक नगरेका कारण निर्माताले उपलब्ध गराएकै रिपोर्टलाई मिडियाले पनि आधार मान्नुपर्ने अवस्था छ ।

फिल्मले तेस्रो हप्तामा पनि मल्टीप्लेक्सहरुमा उल्लेख्य शोज पाएको छ । केहीमा त 'टाइगर ३'भन्दा बढी शोज प्राप्त गरेको अवस्था छ । र, अकुपेन्सी पनि उच्च छ । ४ करोडमाथिको लागतमा निर्माण भएको फिल्मले घरेलू बक्स अफिसबाटै लगानी उठान भने ८ करोडमाथिको व्यापार गर्नुपर्ने हुन्छ । फिल्मप्रति दर्शकहरुको आकर्षण हेर्दा यो सम्भव देखिन्छ । फिल्म 'सेमी हिट' भैसकेको छ ।

खगेन्द्र लामिछाने, दयाहाङ राई, स्वस्तिमा खड्का, अर्पण थापा, विजय बराल, सुमन कार्की, पुष्कर गुरुङ, माओत्से गुरुङ, राजन खतिवडा, रमा थपलिया, गौरभी राज्यलक्ष्मी सिंह, गीत अधिकारी, कृष्णभक्त महर्जन, धीरज भट्ट, राहुल सिवाकोटी, नविन खड्का लगायतको अभिनय रहेको फिल्ममा रौनक विक्रम कडेल निर्मातामा छन् भने सुरज बम ठकुरी कार्यकारी निर्माताको रुपमा छन् ।

# 'फर्की फर्की'को शुभमुहूर्त, पहिलोपटक अनमोल र जसिताको जोडी

काठमाडौं/अभिनेता अनमोल केसी र अभिनेत्री जसिता गुरुङले मुख्य भूमिकामा अभिनय गर्न लागेको फिल्म 'फर्की फर्की'को मुहूर्त गरिएको छ । शुक्रबार ललितपुर स्थित बंगलामुखी मन्दिरमा क्यामेरा, स्क्रिप्ट र क्ल्याप पूजा गरिएको हो । फिल्मको छायांकन भने मंसिर ११ गते तालनगरी पोखराबाट सुरु हुनेछ । अन्नपूर्ण बेसक्याम्प, काठमाडौं, मुस्ताङ र इन्डोनेसियाको बालीमा पनि छायांकन गरिनेछ ।

आउँदो बर्षको जेठ ११ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको फिल्मलाई सुयोग गुरुङले निर्देशन गर्दैछन् । यसअघि उनले फिल्म 'सानो मन'को निर्देशन गरेका थिए । रोहित अधिकारी र ओम अग्रवालको संयुक्त लगानी रहने यस फिल्ममा रवि काफ्ले, समृद्धि अर्याल, कृष्ण मल्ल, निर्मल शर्मा, विन्दा खतिवडा, अशिक गुरुङ, माओत्से गुरुङ, रुस्का वैद्य श्रेष्ठ आदिको पनि अभिनय रहनेछ ।

अनीरुद्र गिरी कार्यकारी निर्माता रहेको फिल्मको सह-निर्मातामा भने मनोज वली र रामु न्यौपाने छन् । फिल्ममा नरेन्द्र मैनालीको डीओपी, अष्ट महर्जनको द्वन्द्व निर्देशन, निर्देशक गुरुङ स्वयंको कथा तथा पटकथा लेखन, रोमन बज्राचार्य, नरेन लिम्बु र अनमोल गुरुङको संगीत, किरण थापाको गीतमा कोरियोग्राफी, निमेष श्रेष्ठको सम्पादन र प्रोडक्शन डिजाइनरमा शंकर पाण्डे रहेका छन् ।

फिल्मको शुभमुहूर्त समारोहमा अनमोलले 'फर्की फर्की' टेबलमै तयार भैसकेको बताए ।

# जाडोमा छालामा हुने समस्या र बच्ने उपाय

जाडोयाममा छाला सुख्खा हुन्छ । घाम तापेर, कोठामा हिटर बालेर शरीरलाई न्यानो बनाउने गरिन्छ । जसकारण छाला अझ बढी सुख्खा हुन पुग्छ । चिसो मौसममा बाहिरी वातावरण पनि सुख्खा हुने भएकाले यसको सोझो असर छालामा पर्छ ।



जाडोमा पानी पनि कम पिउने बानीले गर्दा छालामा चिल्लो पदार्थको कमी भई हात, खुट्टा, ओठ, अनुहार फुट्ने समस्या हुन्छ । सुख्खा हुने भएकाले गर्मीको समयमा भन्दा जाडोमा छाला चिलाउने समस्या पनि बढी हुन्छ । जाडोमा छाला सुख्खा हुँदा अन्य विभिन्न समस्यासमेत आउन सक्छन् ।

**एलर्जीको समस्या**

जाडो मौसममा एलर्जीको समस्या बढी देखिन्छ । जसलाई विन्टर एक्जिमा वा अटोपिक डर्माटिटिक्स पनि भनिन्छ । यसमा शरीरको विभिन्न भागमा रातो बिमिरा आउने, हातखुट्टामा कत्ला देखिने हुन्छ ।

जाडोयाममा घाम प्यारो हुने भएकाले धेरैबेर घाम ताप्ने गरिन्छ । सिधै घाममा बस्नाले फोटोडर्माटाइटिस अर्थात् घामबाट हुने एलर्जी हुन्छ । यसमा छालामा घामसँग प्रत्यक्ष सम्पर्कमा आउने भाग जस्तै हात, मुख, घाँटीमा बिमिरा आउँछ ।

**छालामा रेसाजस्तो लाइन देखिने**

लामो समयसम्म चिसो पानी छुदाँ वा चिसोमा बाहिर निस्किंदा रक्तसञ्चारमा कमी हुन्छ । यसले गर्दा हातखुट्टा सुन्निने, रातो हुने वा सियोले घोचेको जस्तो हुन्छ, जसलाई चिलब्लियन्स भनिन्छ । यो चिसोमा हिंड्ने, चिसोमा काम गर्नुपर्ने व्यक्तिलाई बढी हुन्छ । त्यसैगरी हिटर नजिकबाट ताप्दा शरीरमा रेसा रेसा जस्तो लाइन आउँछ । जसलाई एरिथेमा एब इग्ने भनिन्छ । यसबाट बच्न कन्भेक्सन हिटरको प्रयोग गर्ने वा अलि टाढाबाट हिटर ताप्नुपर्छ । नांगो शरीरमा हट ब्याग वा हिटर ताप्नु हुँदैन ।

**बच्ने उपाय**

चिसोबाट बच्न शरीरलाई तातो पारेर राखिरहनुपर्छ । त्यसैले बाहिर निस्किंदा वा घरमा बस्दा न्यानो र पूरै बाहुला भएको लुगा लगाउनुपर्छ ।

नुहाउँदा मोस्चराइजर युक्त साबुन वा स्याम्पूको प्रयोग गर्नुपर्छ । नुहाउने बित्तिकै पानीको थोपा शरीरमा हुँदै मोस्चराइजर वा बडी आयल लगाउनुपर्छ । यसले छालालाई लामो समयसम्म नरम राख्छ । नुहाउनुभन्दा अघि बडी लोसन वा तेल लगाउनुपर्छ । धेरै तातो पानीले नुहाउने, हातखुट्टा छाला सुख्खा गर्ने भएकाले मनतातो पानीले नुहाउनुपर्छ ।

छालालाई सुख्खा रहन नदिन नियमित मोइस्चराइजिङ क्रिम वा लोसनको प्रयोग गर्नुपर्छ । घाममा जानुअगाडि सन ब्लक क्रिम तथा लोसनको प्रयोग गर्ने, घरमा बस्दा पनि मोइस्चराइजिङ क्रिम लगाउने गर्नुपर्छ । जाडोयाममा छालामा टाँसिने 'सिन्थेटिक' खालका कपडा लगाउनु हुँदैन । जुन शरीरमा घर्षण भएर छालामा समस्या हुन्छ । जाडो छल्न उलनको कपडा लगाइन्छ । यसले पनि जीउ चिलाउने समस्या हुन्छ । त्यसैले उलनको कपडाभित्र सुतीको कपडा लगाउनुपर्छ ।

छालाको एलर्जी हुनेहरूले चिकित्सकको परामर्श अनुसार साबुन वा स्याम्पूको प्रयोग गर्नुपर्छ । ओठ चिल्लो राख्न भ्यास्लिन वा लिप बाम प्रयोग गरि रहनुपर्छ । छालाको केही समस्या देखापरेमा छालारोग विशेषज्ञसँग परामर्श लिनुपर्छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

**हेटौंडा उपमहानगरपालिका**
**१० नं वडा कार्यालयको सूचना**

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
**१० नं. वडा कार्यालय परिवार**

# सेवाग्राहीलाई सताउने सरकारको 'खाजा समय'

काठमाडौं, ८ मंसिर/ सोमबार आन्तरिक राजस्व कार्यालय पुतलीसडकमा कर चुक्ताको प्रमाणपत्रका लागि पुगेका सन्देश लोहनी पालो कुरिरहेका थिए । उनकै पालोमा कागजात हेर्नेसहित सबैजसो कर्मचारी सबै एकसाथ उठे । 'खाजा समय' भयो भन्दै आधा घण्टाका लागि कार्यालयबाट बाहिरिए ।



कार्यालय नै सुनसान बनाएर कर्मचारीहरु एकसाथ हिँडेपछि उनी त्यस दिन प्रमाणपत्र नबनाई फर्किन बाध्य भए । 'यहाँ एक घण्टामा काम सकिएला भनेर आएको, उता अर्को काम बितिसकेको छ,' उनले भने, 'आधा घण्टा भने पनि कर्मचारीहरु खाजा खाएर एक घण्टामा फर्किंदैनन् ।'

कर, यातायात, मालपोत, नापी, जिल्ला प्रशासन, इलाका प्रशासन, राहदानी विभाग र स्थानीय तहहरु लगायतका सरकारी कार्यालयमा सेवा लिन जाने धेरै सेवाग्राहीहरूले यस्तो समस्या भोग्छन् । खाजा खाने समयका नाममा सरकारी कार्यालयहरुमा मौलाएको बेथितिले धेरैलाई हैरान बनाइरहेको छ ।

सरकारले २०८० को लागि राजपत्रमार्फत सरकारी कार्यालयमा खाजा खानका लागि तोकिएको समय हो, दिउँसो १:३० देखि २:०० बजेसम्म । सरकारले सार्वजनिक विदाबारे हरेक वर्ष प्रकाशित गर्ने राजपत्रमा यसअघि सरकारी कार्यालयको सेवामा बाधा नपर्ने गरी आलोपालो मिलाएर सम्बन्धित कार्यालयले आधा घण्टाका लागि खाजा समय तोक्ने व्यवस्था गर्थ्यो ।

तर, यही वर्षदेखि सरकारले १:३० देखि २: ०० बजेसम्म खाजा समय उल्लेख गरे पनि आलोपालो मिलाउने कुरा उल्लेख गरेन । यसकै कारण सरकारी कार्यालयहरुले खाजा समयमा कर्मचारीहरुबीच आलोपालो मिलाउनेतर्फ ध्यान दिएका छैनन् । यसै पनि विगतमा कार्यालयहरुले तोकेको समयभित्र सेवा ठप्प गर्ने परम्परा नै बसेकाले त्यसले निरन्तरता पाउनु नौलो पनि भएन ।

खाजा खाने समयमा सेवा प्रभावित नहुने सुनिश्चित गर्नतर्फ स्थानीय स्तरका मात्रै हैन, संघीय मन्त्रालयहरुले समेत ध्यान दिएका छैनन् । आलोपालो गर्न सकिने अवस्था हुँदा समेत अधिकांश सरकारी कार्यालयहरुमा एकैपटक सेवा रोकेर कर्मचरीहरु खाजाका लागि हिँड्ने प्रवृत्ति बढ्दो देखिएको स्वीकार्छन् राष्ट्रिय सतर्कता केन्द्रका प्रवक्ता राजेन्द्रकुमार पौडेल ।

'कार्यालय नै खाजा समयमा सट डाउन हुनु राम्रो हैन,' उनी भन्छन्, 'तर, कर्मचारीहरुका लागि पनि व्यवहारिक हिसाबले खाजा समय चाहिन्छ, सेवा प्रवाह आवश्यक सन्तुलन र व्यवस्थापन आवश्यक देखिएकै छ ।'

खाजा समयमा सरकारी कार्यालयका कुर्सीहरु एकाएक रित्तो हुँदा लामो लाइन बसेर पालो आएकाहरु समेत कर्मचारीहरुको खाजा समयभरि लाइनमै बस्न बाध्य हुने गरेका छन् ।

खाजा समयको विकृति यतिमा मात्रै सीमित नभएको सरकारकै अनुगमनले देखाएको छ । राष्ट्रिय सतर्कता केन्द्रका अनुसार तोकिएको खाजा समयभन्दा अघि र पछि खाजाका लागि भन्दै कर्मचारीहरु हराउने रोग झाँगिँदै गएको छ । खाजा समयभन्दा बाहेकको समयमा समेत त्यसकै नाममा सेवा र काम रोकेर राख्ने प्रवृत्ति सरकारी कार्यालहयरुमा व्याप्त हुँदै गएको छ ।

राष्ट्रिय सतर्कता केन्द्रले गत ३२ जेठमा अनुगमन टोली खटाएर खाजा समयबाहेक क्यान्टिनमा अलमलिने कर्मचारीको खोजी गरेको थियो । त्यसक्रममा अनुगमनका क्रममा मुद्रण विभाग, अर्थ मन्त्रालय, नेपाल टेलिभिजन, कृषि मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालयका कर्मचारीहरु २ बजेपछि पनि क्यान्टिनमै गफिएर बसेको भेटाएको थियो ।

२१ जना कर्मचारीहरु तोकिएको समयभन्दा बाहिर क्यान्टिनमा भुलिएर बसेको भेटाएपछि केन्द्रले कारवाहीका लागि सम्बन्धित निकायलाई पत्र लेखेको थियो । केन्द्रले भेटाएका कर्मचारीमध्ये अधिकांश अधिकृतदेखि उपसचिव स्तरका कर्मचारी थिए । उनीहरुसँगै सरुवासम्बद्ध काम गर्ने बाहिरी बिचौलिया समेत फेला परेका थिए ।

अहिले पनि सिंहदरबारका क्यान्टिनहरुमा जतिबेलै कर्मचारीहरुको बाक्लो उपस्थिति देखिने गरेको छ । सरकारी कार्यालयमा हाजीर गरेपछि क्यान्टिनमा पुगेर गफिएर बस्ने कर्मचारीको संख्या ठूलो छ ।

तर, सम्बन्धित सरकारी निकायको नेतृत्व र सुपरीवेक्षण संयन्त्र यस्तो विकृति हटाउन उदाशीन छ । यसले गर्दा सेवा प्रवाह र सरकारी कामकाज समेत प्रभावित भइरहेको छ ।

सेवाग्राहीलाई कार्यकक्षमा कुराइहने तर कर्मचारी भने क्यान्टिनमा अलमलिर बस्ने समस्या व्याप्त भएको ऊर्जा मन्त्रालयका एक अधिकारी स्वीकार्छन् । 'क्यान्टिनमा गएर बस्नु सानो कुरा हो भनेर कसैले पनि पर्याप्त ध्यान दिँदैनन्,' उनी भन्छन्,'सरकारी कार्यालयमा आएपछि कर्मचारीको अनुपस्थितिले समयमै सेवा नपाए क्षतिपूर्ति दाबी गर्न सक्ने व्यवस्था नगरेसम्म यस्तो समस्या समाधान हुने देखिँदैन ।'

बढी गुनासो आउने कतिपय कर्मचारीलाई सचेत गराउने गर्दा समेत कारवाहीको स्पष्ट व्यवस्थाको अभावमा त्यही शैली दोहोरिरहने गरेको उनको भनाइ छ । सरकारी कार्यालयमा मात्रै हैन, सरकारी अस्पताल र स्वास्थ्य संस्थामा समेत यस्तै विकृति रहेको र यसले बिरामीहरु बढी समस्यमा परिरहेको अधिकारीहरु स्वीकार्छन् ।

खाजा समयको 'अवधि'मा पनि सरकारी कार्यालयमा अझै एक रुपता कायम भएको छैन । कतिपय सरकारी कार्यालयले १ घण्टाको खाजा समय तय गर्ने गरेका छन् । संखुवासभाको जिल्ला अस्पताल खाँदबारीमा दिउँसो २ बजेदेखि ३ बजेसम्म खाजा समय तोकेको उदाहरण ताजा छ ।

स्थानीय स्तरका धेरैजसो स्वास्थ्य संस्थासहित स्थानीय तहका कार्यालयहरुमा नै खाजा समय एक घण्टाको राख्ने गरिएको छ । यसले गर्दा सेवाग्राहीहरु लामो समय कुर्न बाध्य हुने मात्रै हैन, सम्बन्धित दिनमा सेवा नपाएर फर्किनुपर्ने बाध्यता समेत छ । सरकारले खाजा समयबारे स्पष्ट मापदण्ड तय नगर्दा समेत यसमा विकृति झाँगिएको अनुभव सरकारी अधिकारीहरुलाई पनि छ ।


सतर्कता केन्द्रका प्रवक्ता राजेन्द्रकुमार पौडेल सिधै जनतासँग जोडिएर सेवा दिने 'फ्रन्टलाइन'का कार्यालयहरुमा खाजा समयको हाल चलिरहेको अभ्यासलाई सुधार गर्नुपर्ने देखिएको बताउँछन् । लामो लाइन बसेका सेवाग्राहीका लागि समेत सोचेर सेवा नरोकिने गरी खाजा समयमा वैकल्पिक व्यवस्था गर्नेबारे सोच्नुपर्ने देखिएको उनी बताउँछन् ।

कर तिर्न गाएका सेवाग्राहीलाई तत्काल सेवा दिन नसकेमा पछि जरिवाना तिर्नुपर्ने अवस्था समेत आउन सक्ने भन्दै उनले यस्ता पक्षमा ध्यान दिइनुपर्ने बताए । 'कतिपय कामको प्रकृतिले समेत कर्मचारीलाई बाध्यता छ,' उनी भन्छन्, 'तर, सेवाग्राहीलाई मार नपर्ने सोच राखेर काम गरियो र जिम्मेवारहरुले राम्रोसँग सुपरीवेक्षण गरेर कर्मचारीलाई नअलमलिने सुनिश्चित गर्ने हो भने अहिलेका समस्याहरु घट्दै जान्छन् ।'

लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनाली विगतमा 'खाजा समय' भन्ने व्यवस्था नै नभएको स्मरण गर्छन् । तर, कर्मचारीलाई खाजा खान समय दिनुपर्छ भन्ने असल मनसायले समय छुट्याइएको भन्दै उनले भने,'कर्मचारीलाई खाजा खान समय दिएको हो, सेवा रोक्नका लागि हैन, खाजा खाने सयममा कर्मचारीहरुले सेवा प्रवाहमा आलोपालो गर्नैपर्छ ।'

सेवा रोकेर कर्मचारी खाजा खान हिँड्दा सरकारी सेवाप्रति नागरिकको वितृष्णा बढ्ने भन्दै सरकारले स्पष्ट रुपमै खाजा समयमा सेवा निरन्तर प्रवाह हुने सुनिश्चित गर्नुपर्ने उनले बताए । आधा घण्टा समय खाजाका लागि पर्याप्त हुने भन्दै उनले कर्मचारीहरुमा तोकिएको समयभन्दा बाहेकमा पनि काम छोडेर गफिएर बस्ने संस्कृति मौलाएको बताए । 'सार्वजनिक पदमा बसेपछि जिम्मेवारी पुरा गर्न बढी ध्यान हुनुपर्छ,' मैनालीले भने,'कर्मचारीहरु काम छाडेर गसिपमा रमाउनु राम्रो कुरा हैन ।' *(स्रोत: अनलाइनखबर)*

# १० वर्षमा १० हजार नेपाली श्रमिकको मृत्यु




काठमाडौं, ८ मंसिर/ चार वर्ष भारतमा मजदुरी गरेर गाउँ फर्केपछि दाङ घोराहीका लक्ष्मण चौधरीले आयआर्जनको बाटो भेटेनन् । ईँटा भट्टामा केही महिना ज्याला-मजदुरी गरे । तर त्यसले परिवारको छाक टार्नै धौ-धौ भयो ।

अन्त्यमा केही सीप नलागेपछि गत फागुनमा उनी साउदी अरेबिया उडे । घरमा श्रीमती र दुई बच्चा छोडेर खाडी उडेका उनी गत साउन २६ गते बन्द बाकसमा फर्किए । बेलुका खाना खाइवरी सुतेका उनी बिहान सुतेकै ठाउँमा मृत फेला परे । परिवार पाल्ने र सुखको जिन्दगी बिताउने उनको सपना परदेशमै टुट्यो ।

मोरङका ३३ वर्षका खेम न्यौपाने दुई वर्षदेखि अटो चलाउँथे । दिनभर कुदाएको अटोले बिहान-बेलुका छाक टार्न पुग्थ्यो । तर त्यतिले मात्र आफ्नो आर्थिक स्थिति उक्सिने संकेत उनले देखेनन् । त्यसपछि उनले विदेशिने बाटो रोजे । २०७९ कात्तिक अन्तिममा एजेन्ट समातेर उनी मलेशिया उडे ।

मलेशियामा उडेको वर्ष दिन नपुग्दै उनी जन्डिसको शिकार भए । २० दिन विस्तारामै थलिएपछि उनले अस्पतालमै प्राण गुमाए । २०८० भदौमा परिवारले शव बुझेर उनलाई आर्यघाटमै सेलायो ।

यसरी वैदेशिक रोजगारीमा गएर मृत्युवरण गर्नुपर्ने नियति भोग्ने लक्ष्मण र खेम मात्र छैनन् । हरेक वर्ष वैदेशिक रोजगारीमा पुगेका सयौं नेपाली श्रमिकले ज्यान गुमाइरहेका छन् । बितेको १० वर्षमा यसरी विदेशमा ज्यान गुमाउने नेपाली श्रमिकको संख्या डरलाग्दो देखिन्छ । वैदेशिक रोजगार बोर्डको तथ्यांक भन्छ- २०७० को दशकमा मात्र १० हजार नेपाली श्रमिकको परदेशमा ज्यान गयो ।

वैदेशिक रोजगार बोर्डको तथ्यांक अनुसार २०७० देखि २०८० सम्म ९ हजार ६५२ जना श्रमिकको मृत्यु भएको छ ।

वैदेशिक रोजगार बोर्डका निर्देशक तथा प्रवक्ता टीकाराम ढकाल भन्छन्, 'यो हामीकहाँ आइपुगेको संख्या मात्र हो । अवैध रूपमा विदेशिएर मृत्यु वा बेपत्ता हुनेको संख्या झन् कति होला ?'

यसरी रोजगारीका क्रममा परदेशमा ज्यान गुमाउने श्रमिकको संख्या घट्ने कुनै संकेत देखिँदैन । बरु यो संख्या हरेक वर्ष बढ्दै गएको बोर्डकै तथ्यांकले बताउँछ ।

यस अनुसार आर्थिक वर्ष २०७०/७१ मा ७७७, २०७१/७२ मा १००६, २०७२/७३ मा ८२३, २०७३/७४ मा ७५८, २०७४/७५ मा ८२३ जनाको मृत्यु भएको छ । त्यस्तै आर्थिक वर्ष २०७५/७६ मा ७६३, २०७६/७७ मा ६७२, २०७७/७८ मा १२४३, २०७८/७९ मा १४७९, २०७९/८० मा १,२०८ जनाको मृत्यु भएको छ । यो तथ्यांकले दैनिक ४ जना र वार्षिक एक हजार श्रमिकले परदेशमा ज्यान गुमाइरहेको देखाउँछ ।

यसरी हरेक वर्ष मृत्युवरण गर्नेमा बढीजसो खाडी मुलुकतर्फ दुबई, साउदी अरेबिया, कतार, जोर्डन, बहराइन र ओमान छन् । त्यस्तै मलेशियामा पनि ज्यान गुमाउनेको संख्या उत्तिकै छ ।

वैदेशिक रोजगारीमा गएर श्रमिकहरूले मृत्युवरण गर्नुमा कारण एउटा मात्रै छैन । गत वर्षकै तथ्यांक हेर्ने हो भने पनि परदेशमा विभिन्न कारण नेपाली श्रमिकले ज्यान गुमाएको देखिन्छ ।



२०६५ देखि २०७९ सम्मको तथ्यांक हेर्दा विदेशमा नेपाली श्रमिकहरूले विभिन्न कारण ज्यान गुमाएको देखिन्छ । फदयघातबाट २ हजार २५८, प्राकृतिक मृत्युबाट २ हजार २३२, विभिन्न रोगहरूबाट १ हजार ४९५, सडक दुर्घटनाबाट १ हजार ४४०, आत्महत्याबाट १ हजार २८३, कार्यस्थल दुर्घटनाबाट ७७८ जना श्रमिकको मृत्यु भएको छ । त्यस बाहेक हत्या र अन्य विभिन्न कारणले मृत्यु हुने गरेको देखिन्छ ।

यसरी परदेशमा मृत्युवरण गरेका श्रमिकको परिवारलाई बोर्डले ७ लाख क्षतिपूर्ति दिँदै आएको छ । 'श्रम स्वीकृति अवधिभित्र मृत्यु भएमा ७ लाख दिँदै आएका छौं' बोर्ड निर्देशक ढकालले भने, 'श्रम स्वीकृतिको अवधि सकिएको हकमा २५ हजार क्षतिपूर्ति दिँदै आएका छौं ।'

**चाडबाडकै बेला ३० शव**

विडम्बना त के भयो भने परदेशमा मृत्यु भएर फर्किने नेपालीको शव चाडबाडको बेला पनि रोकिएन । बोर्डका अनुसार नेपालीको प्रमुख चाड दशैं र तिहारको बीच कात्तिकमा मात्रै ३० शव स्वदेश भित्रिए । 'दु:खका साथ भन्नुपर्छ चाडबाडकै बेला पनि शव आइरहे', उनले भने ।

यस्ता अनेकौं दु:खद् खबर आइरहे पनि वैदेशिक रोजगारी जानेहरूको संख्यामा कमी भने आउन सकेको छैन । विभागको तथ्यांक अनुसार पछिल्लो १० वर्ष मात्रै ४० लाख ६७ हजार ७५९ जना विदेशिएका छन् । यो तथ्यांक नयाँ श्रम र पुन: श्रम स्वीकृति लिएर जाने दुवैको संख्या हो ।

विभागका अनुसार आर्थिक वर्ष २०७०/७१ मा ५ लाख २७ हजार ८१४, २०७१/७२ मा ४ लाख ९९ हजार १०२, २०७२/७३ मा ४ लाख ३ हजार १७४, २०७३/७४ मा ३ लाख ८३ हजार ४९३, २०७४/७५ मा ३ लाख ५४ हजार ८२ विदेशिएका छन् ।

त्यस्तै २०७५-७६ मा २ लाख ३६ हजार २०८, २०७६/७७ मा १ लाख ९० हजार ४५३, २०७७/७८ मा ७२ हजार ८९, २०७८/७९ मा ६ लाख ३० हजार १७, २०७९/८० मा ७ लाख ७१ हजार ३२७ श्रमिक विदेशिएको बोर्डको तथ्यांकले बताउँछ ।

गत वर्ष वैदेशिक रोजगारीमा जानेको संख्या हालसम्मकै उच्च रह्यो । विभागका अनुसार गत वर्ष मात्रै ७ लाख ७१ हजार पुग्यो ।

*(स्रोत: अनलाइनखबर)*

# काठमाडौं महानगरले मागेको ७१ प्रधानाध्यापक पदमा १५० आवेदन




काठमाडौं, ८ मंसिर/ काठमाडौं महानगरपालिकाले मागेको ७१ प्रधानाध्यापक पदमा १५० वटा आवेदन परेको छ ।

महानगरले माग गरेको आधारभूत तह (१-५) ६ वटा पदको लागि ११ वटा, आधारभूत तह (१-८) २२ पदको लागि ३१ वटा र माध्यामिक तहको ४३ पदको लागि १०८ वटा गरी जम्मा १५० आवेदन परेको हो ।

तर तत्काल खुला प्रतिस्पर्धाबाट सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति नगर्न काठमाडौं महानगरलाई उच्च अदालत पाटनले अन्तरिम आदेश दिएको छ । उच्च अदालत पाटनका न्यायाधीश श्यामजी प्रधानको एकल इजलासले उक्त आदेश जारी गरेको हो ।

खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गर्न लागेको भन्दै परेको मुद्दामा उच्च अदालत पाटनले 'नियम कार्यान्वयन नगर्न' अन्तरिम आदेश जारी गरेको हो । महानगरका मेयर बालेन्द्र साहले खुला प्रतिस्पर्धाबाट प्रअ नियुक्ति गर्न कार्यविधि नै तयार पारेका थिएरु। अदालतको आदेशसँगै मुद्दाको अन्तिम टुंगो नलागेसम्म खुलाबाट प्रअ नियुक्ति गर्ने बाटो रोकिएको छरु।

महानगरपालिकाले खुला प्रतिस्पर्धाबाट करारमा पाँच वर्षको लागि प्रधानाध्यापक नियुक्ति गर्ने भन्दै १७ कात्तिकमा दरखास्त आह्वान गरेको थियो ।

कात्तिक मसान्तसम्म आवेदन माग गरेपछि बीचमा परेको चाडका कारण निवेदकहरुको अनुरोधमा ७ मंसिरसम्म आवेदन समायवधि थप गरिएको महानगरका शिक्षा अधिकृत इन्द्रप्रसाद दाहालले जानकारी दिए ।

अदालतबाट अन्तरिम आदेश आएकोबारे प्रश्रुनमा उनले भने, ' उक्त आदेश हामीकहाँ आइपुगेको छैन। उजुरी परेको भन्रुनेबारेमा पनि जानकारी पनि छैन। हामी मंसिरभित्र सबै काम सकेर छनौट भएका प्रधानाध्यापहरुलाई नियुक्ति दिने कार्यायोजना छ ।'

महानगर शिक्षा विभागले १३ मंसिरभित्र आवेदक शिक्षकहरुलाई विद्यालय विकास योजना पेश गर्ने समयवधि तोकेको छ ।

महानगरले गठन गरेको विज्ञ टोलीले उनीहरुको विकास योजना सुन्ने, सेवा अवधि लगायत शिक्षा नियमावली अनुसार मूल्याङ्कन गरेको आधारमा नतिजा सार्वजनिक गर्ने र नियुक्ति गर्ने काम सकिने गरी तयारी भइरहेको महानगरका शिक्षा अधिकृत दाहालले बताए ।

महानगरले ११ स्रोत शिक्षक पदको लागि माग गरेको दरखास्तमा ४० वटा आवेदन परेको छ ।

महानगरले अंग्रेजी २ जना, नेपाली २ जना, गणितमा ३ जना, सामाजिकमा २ जना र विज्ञान विषयको स्रोत शिक्षकमा २ जना गरी ११ पदको लागि दरखास्त आह्वान गरेको थियो ।

महानगरले स्रोत शिक्षकको लागि काठमाडौं महानगरपालिकाको स्रोत शिक्षक व्यवस्थापन कार्यविधि, २०८० बमोजिम १८ मंसिरमा लिखित परीक्षा सञ्चालन गर्ने जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# एक वर्षसम्म पाएन दुईवटा संयुक्त संसदीय समितिले नेतृत्व




काठमाडौं, ८ मंसिर/ संघीय संसदको दुईवटा संसदीय समितिले एक वर्षसम्म पनि नेतृत्व पाउन सकेको छैन् । ४ मंसिर २०७९ मा भएको प्रतिनिधि सभाको चुनावबाट निर्वाचित भएर आएका प्रतिनिधिहरुले संघीय संसदको दुई वटा अधिवेशन सकाइसके । यसबीचमा प्रतिनिधिसभाका १० वटा विषयगत समितिको निर्वाचन भएको छ र विषयगत समितिले नेतृत्व पाएका छन् ।

तर, संघीय संसदको संयुक्त समितिले भने नेतृत्व पाउन नसकेको हो । संसदीय सुनुवाइ समिति जेष्ठ सदस्य पशुपति शमशेर जबराको नेतृत्वमा बस्दै आएको छ । नेतृत्व नभएका कारण अर्को संयुक्त समिति 'राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति' सक्रिय हुनै सकेको छैन् ।

बिहीबार जेष्ठ सदस्य जबराको नेतृत्वमा बसेको संसदीय सुनुवाइ समितिको बैठकमा एमालेका सचेतक महेश बर्तौलाले समिति सभापतिका लागि सरकारले पहल लिनुपर्ने बताएका थिए । 'बाहिर लाजमर्दो हुने भइसक्यो' समिति बैठकमा अनौपचारिक छलफलमा उनले भनेका थिए । सभापतिका लागि सत्तारुढ दलले पहल गर्नुपर्ने उनको भनाइ छ ।

गत भदौ ११ गते प्रतिनिधि सभाका १० वटा विषयगत समितिको सभापतिको चयन भएको थियो । त्यसबेला प्रमुख तीन दलका बीचमा संसदीय सुनुवाई समितिको सभापति कांग्रेसले लिने र 'राज्यका निर्देशक सिद्धान्त नीति, दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको सभापति एमालेले लिने सहमति भएको थियो । तर, दुवै संयुक्त समिति सभापतिको निर्वाचन प्रक्रिया अगाडि बढाउन दलहरु तयार नहुँदा प्रक्रिया अघि नबढेको संसद सचिवालयका अधिकारीहरु बताउँछन् ।

## स्तनपान: बालबालिकालाई वरदान

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ ।**

त्यसैले

- स्वास्थ्यकर्मीहरुले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रवर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादन वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपचार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारबाही हुनेछ ।

हेटौंडा उपमहानगरपालिका
**३ नं. वडा कार्यालय**
बसामाडी, हेटौंडा

## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना